कार्यपालिका बैठक
२०८१।४।८

<u>प्रस्ताव तथा निर्णयहरु</u>

१. किसान सुचीकरण सम्बन्धमा ।

**निर्णय** : किसान सुचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ बमोजिम किसान सुचिकरण सम्बन्धी कार्य अगाडी बढाउने । उक्त कार्यको लागि अपुग बजेट गाउँपालिकाबाट ब्यहोर्ने । किसान सुचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को दफा १८ बमोजिम देहाय अनुसारको किसान सुचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति गठन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

<u>देहाय</u>

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | सुनिताकुमारी उराँव | उपाध्यक्ष | संयोजक |
| २ | लक्ष्मण मेहता | वडाध्यक्ष | सदस्य |
| ३ | झबरलाल यादव | कृषक (वडा नं ३) | सदस्य |
| ४ | कैयुम अंसारी | कृषक (वडा नं ४) | सदस्य |
| ५ | कुमार बस्नेत | पशु सेवा शाखा | सदस्य |
| ६ | रेनुका चौधरी | कृषी विकास शाखा | सदस्य |
| ७ | विपुलकुमार यादव | कम्प्युटर अपरेटर | सदस्य सचिव |

२. सामाजिक सुरक्षा भत्ता शिविर संचालन गर्ने सम्बन्धमा ।

**निर्णय** : चालु आ.ब. २०७९/०८० मा रातो कार्ड प्राप्त गरेका अपाङ्गता भएका लाभग्राही र ८५ वर्ष भन्दा माथीका अशक्त लाभग्राहीहरुलाई लक्ष्मी बैंक तथा स्थानीय सुरक्षा निकायसंग समन्वय र सहजिकरण गरी ठाउँ ठाउँमा शिविर आयोजना गरी सामाजिक सुरक्षा भत्ता वितरण हुने ब्यबस्था मिलाउने सर्वसहमतिले निर्णय गरियो ।

३. तराइ मधेश समृद्धि कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

**निर्णय** : तराइ मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ को दफा ५ बमोजिम तीस प्रतिशत लागत साझेदारी गाउँपालिकाले ब्यहोर्ने गरी देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

<u>देहाय</u>

क) पशु सेवा केन्द्र भवन निर्माण, भोक्राहा

ख) पशु सेवा केन्द्र भवन निर्माण, भोक्राहा,

४. घर भाडा सम्बन्धमा ।

**निर्णय** : राष्ट्रिय भूमी आयोग भोक्राहा नरसिंह गाउँपालिका सेवा केन्द्र, सामी परियोजना कार्यालय संचालन, किचेन व्यवस्थापन लगायतको कार्यका लागि देहाय बमोजिमको घर भाडामा लिने र साविकमा सामी परियोजनाको कार्यालय संचालनमा रहेको घरधनीसंगको सम्झौता अन्त्य गर्ने सर्वसहमतिले निर्णय गरियो ।

देहाय

| घरधनीको नाम | जग्गा सम्बन्धी विवरण | कोठा संख्या | मासिक भाडा रु | कैफीयत |
|---|---|---|---|---|
| मो. जाहिद अंसारी | भोक्राहा नरसिंह गाउँपालिका वडा नं-६ भोक्राहा-५त्र सिट नं २२४-कित्ता २७८ क्षेत्रफल ०-१-० | ५ | १६००० | गाउँपालिकाको कार्यालय संचालन रहेको घरसंगै जोडिएको |

५. म्याद थप सम्बन्धमा ।

**निर्णय** : देहाय बमोजिमको योजनाको काम सम्पन्न नगर्दा गाउँपालिकाको विकास निर्माणमा ठुलो क्षति हुने भएकोले निर्माण ब्यबसायीलाई सम्झौता बमोजिमको काम थप भएको म्याद भित्र सम्पन्न गर्ने प्रतिबद्धदता गराइ बढीमा ६ महिना सम्म अन्तिम पटकको म्याद थप गर्नेसर्वसहमतिले निर्णय गरियो ।

देहाय

क) Construction of RCC Box culvert ward no 2

ख) हुलाकी राजमार्ग देखि दक्षिण यादव टोल हुँदै बसन्तपुर सम्म कालोपत्रे र वडा नं ८ को रामजानकी मन्दिर देखि भारत सीमा सम्मको बाटो कालोपत्रे

६. खाता फुकुवा सम्बन्धमा ।

**निर्णय** : राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत देहाय बमोजिमको विद्यालयले सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न नगरेको कारण उल्लेखित विद्यालयहरुको बैंक खाता रोक्का गरिएकोमा उक्त विद्यालयहरुले हालसम्म सम्पन्न गरेको कामको प्राविधिक मूल्यांकन गरी प्राविधिक मूल्यांकन बमोजिमको रकम मात्र फुकुवा गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिइ सम्झौता बमोजिमको पुरा काम ढीलोमा १ महिना भित्र सम्पन्न गरी सक्न सम्बन्धित विद्यालयलाई पत्राचार गर्ने सर्वसहमतिले निर्णय गरियो ।

क) श्री ब्रहमदेव उराँव मण्डेला समृति आधारभूत विद्यालय भोक्राहा नरसिंह-४

ख) श्री आदर्श आधारभूत विद्यालय भोक्राहा नरसिंह-५

७. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने भत्ता कार्ड नविकरण तथा दर्ता गर्ने सम्बन्धमा ।

**निर्णय** : सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले भाद्र मसान्त भित्र भत्ता कार्ड दर्ता तथा नविकरण गरी सक्न पर्ने भएकोले उक्त कार्यलाई समय मै सम्पन्न गर्न प्रचार प्रसार गर्ने सर्वसहमतिले निर्णय गरियो ।

८. वडा नं ३ स्थित खुनिया खोलाको बाँध मर्मत सम्बन्धमा ।

**निर्णय** : उक्त सम्बन्धमा छलफल गर्दा स्थानीय वासीहरुले उल्लेखित बाँध तत्काल मर्मत गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेकोले सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सोझै खरिद कार्य गरी प्राविधिक लागत अनुमान अनुसारको बाँध मर्मत कार्य तत्काल आगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने सर्वसहमतिले निर्णय गरियो ।

९. सडक मर्मत सम्बन्धमा ।

**निर्णय** : सम्बत २०७९ साल जेठ, असार श्रावणमा आएको मौसमी बर्षा र बढीको कारण यस गाउँपालिकाको ८ वटै वडाका कच्ची सडकहरु मर्मत गरिएकोले यस गाउँपालिकाको जे.सि.भी. प्रयोग वापतको रकम कट्टा गरी निर्माण समाग्री (भरौट, ग्राभेल वापतको रकम) सम्बन्धित फर्मलाई भुक्तानी गर्ने ब्यबस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने सर्वसहमतिले निर्णय गरियो ।

१०. आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णय** : खेलकुद व्यवस्थापनको लागि देहाय बमोजिमको आर्थिक सहयोग गर्ने सर्वसहमतिले निर्णय गरियो ।

<u>देहाय</u>

| आर्थिक सहयोग पाउनेको नाम | ठेगाना | भुक्तानी पाउने रु | कैफियत |
|---|---|---|---|
| जिल्ला भलिबल संघ सुनसरी | इटहरी सुनसरी | १०००० | नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खेलकुद प्रतियोगिता संचालन खेलाडी छनोट तथा प्रशिक्षण |

११. सुरक्षित नागरिक आवास कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा ।

**निर्णय** : यस गाउँपालिकाको ८ वटै वडामा संचालित सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत परेका लाभग्रहीहरुले सम्झौता बमोजिमको काम सम्पन्न गरेको अवस्थामा वडा कार्यालयको सिफारिश प्राविधिक प्रतिवेदन लगायतको आधारमा दोस्रो किस्ता वापतको रकम निकासा गर्ने ब्यबस्था मिलाउने सर्वसहमतिले निर्णय गरियो ।

१२. योजना माग सम्बन्धमा ।

**निर्णय :** भोक्राहा नरसिंह गाउँपालिका अन्तर्गतको देहाय बमोजिमको सडकहरुको डि.पि.आर. तयार भइरहेकोले उक्त डि.पि.आर. संलग्न राखी नेपाल सरकार र प्रदेश सरकारको सम्बन्धित मन्त्रालय, राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगमा बजेट माग गर्ने तथा बजेट स्विकृत भइ सकेको हकमा योजना कार्यान्वयन गर्ने सम्बन्धित निकायलाई उक्त डि.पि.आर. उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

देहाय

| क्र.सं. | आयोजनाको नाम |
|---|---|
| १ | भोक्रहा नरसिंह वडा नं ४ को चिरौली चोकदेखि प्रकाशपुर नहरसम्म नाला सहितको कालोपत्रे सडक निर्माण |
| २ | हुलाकी मार्गबाट इसराइल कामत हुँदै खलिल प्रधानको घर हुँदै भोक्राहा नरसिंह वडा नं ८ को रामजानकी मन्दिर सम्म नाला सहितको कालोपत्रे सडक निर्माण |
| ३ | भोक्राहा नरसिंह वडा नं ६ राजमार्गदेखि दक्षिण हफाज घर हुदैं बक्ला टोल हुँदै पूर्व कबरिस्तान हुँदै रहमान टोल हुँदै दलित आधारभूत विद्यालय जोड्ने बाटो कालोपात्रे नाला सहित |
| ४ | अकहा बजार देखि पूर्व मिलन चोक हुँदै बैष्णव पेट्रोल पम्पको आगाडी राजमार्ग जोड्ने बाटो कालोपत्रे नाला सहित |
| ५ | मंसुरी चोकदेखि पश्चिम मघुवन जोड्ने बाटो कालोपत्रे नालासहित |

१३. उपचार खर्च सम्बन्धमा ।

**निर्णय :** मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ मा भएको ब्यवस्था बमोजिम सम्बन्धित विरामीले पाउने मासिक रु पाँच हजार रकम स्वास्थ्य मन्त्रालयसँग सहजिकरण र समन्वय गरी त्रेमासिक रुपमा सम्बन्धित लाभग्राहीको बैंक खातामा उपलब्ध हुने ब्यबस्था मिलाउने सर्वसहमतिले निर्णय गरियो ।

१४. लेखापरीक्षण प्रतिवेदन उपर छलफल सम्बन्धमा ।

**निर्णय :** आ.ब. ०७७/०७८ को अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल गरी बेरुजु फर्छयौटका लागि कार्ययोजना वनाउने सर्वसहमतिले निर्णय गरियो ।

१५. आर्थिक प्रशासन शाखाको अभिलेख सुरक्षित रुपमा ब्यवस्थापन तथा आन्तरिक लेखा परीक्षण सम्बन्धमा ।

**निर्णय** : उक्त सम्बन्धमा छलफल गर्दा आर्थिक प्रशासन शाखामा रहेका आ.ब. ०७८/०७९ का अभिलेखहरु देहाय बमोजिमको ढाँचामा पंजिका तयार गरेर छुट्टै दराजमा सेतो कपडाले पोको पारी सुरक्षित साथ संरक्षण गरी राख्ने तथा २०७९ भाद्र मसान्त भित्र आन्तरिक लेखापरीक्षण गर्ने ब्यबस्था मिलाउने सर्वसहमतिले निर्णय गरियो ।

देहाय

| बजेटको किसिम चालु/पुंजिगत : ................ | | | | आ.ब. : ०७८/०७९ |
|---|---|---|---|---|
| गो.भौ.नं. | मिति | खर्च/आम्दानी रु | संलग्न कागजात संख्या | कैफियत |
| | | | | |